# केदारस्यूँ गाउँपालिका
## (Kedarsyun Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.अ.प्र.
टोल फ्री नं 18105000043
Email: kedarasyumun@gmail.com
Email:-info@kedarasyumun.gov.np
Website:www.kedarasyumun.gov.np

पत्र संख्या :-२०८०।०८१
चलानी नं .:-

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

देउरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


मिति:२०८०।१०।२४

**सूचना।  सूचना।।  सूचना।।।**

**आ.ब. २०८१।८२ का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिने सम्बन्धमा।**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम **आर्थिक वर्ष २०८१।८२ मा यस केदारस्यूँ गाँउपालिका मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका** काममा योगदान गर्न ईच्छुक (१८-५९ बर्ष) तपसिल बमोजिमको मापदण्ड पुगेका बेरोजगार व्यक्तिहरुले २०८० फागुन ०१ गतेदेखि २०८० फागुन ३० गते भित्र आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को अनुसूची-१ बमोजिम हुनु पर्नेछ। निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी यस गाउँपालिकाको रोजगार सेवा केन्द्र तथा प्रत्येक वडा समितिका कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

<u>तपशिल</u>

**<u>बेरोजगार व्यक्ति सूचिकृत हुनका लागि आवश्यक मापदण्ड तथा प्राथमिकता</u>**

(क) न्यून आय भएका (चालु आ.ब. २०८०।८१ मा रू ५७,७००।- भन्दा कम) तथा स्वरोजगारमा संलग्न नभएका ।

(ख) चालु आ.ब. २०८०।८१ मा न्युनतम रोजगारीमा संलग्न नभएको ।

(ग) कृषि उत्पादन तथा ज्याला मजदुरीले ३ महिनासम्म खान नपुग्ने परिवारको सदस्य ।

(घ) भूमिहिन तथा सुकुम्वासी,अल्पसंख्यक समुदाय,लोपोन्मुख जनजाती,सिमान्तकृत वर्ग,एकल महिला,शहिद परिवार तथा बेपता परिवारको सदस्य,अपांङगता भएका परिवारको सदस्य आदि ।

**<u>निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु</u>**

१. पुर्ण रुपमा भरेको बेरोजगार दर्ताको निवेदन थान -१ ।अपुर्ण निवेदन स्वतः निष्कृय हुनेछ।

२. निवेदकको नागरिकता प्रतिलिपि थान-१ ।

३. निवेदकको पासपोर्ट साईजको फोटो थान-१।

४. निवेदकको परिवारका सदस्यहरुको नागरिकताको प्रतिलिपि थान-१ । (बालबालिकाको हकमा उमेर खुल्ने कागजातको प्रतिलिपि)

पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः सूचना प्रविधि शाखा,वेवसाइटमा उपलोड गर्नु हुन।



CamScanner